# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन ४ गते

## आयोगद्वारा क्षेत्रीय कारागार अनुगमन, आवश्यक सुधारका लागि निर्देशन

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदिप पाठकले क्षेत्रीय कारागार झुम्का (सुनसरी) को अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन दिनुभएको छ ।

सदस्य सुदिप पाठकले कारागार प्रमुख गणेश अधिकारी र प्रमुख जिल्ला अधिकारी छविलाल पन्थको उपस्थितिमा दिनुभएको निर्देशनमा कैदी-बन्दीहरूलाई औपचारिक शिक्षा प्रदान गर्न विद्यालय स्थापना गर्नुपर्ने, उनीहरूले सञ्चालन गर्दै आएका सीपमूलक व्यवसायलाई उद्योग विभागमा दर्ता गर्नुपर्ने, कारागारमा गुनासो पेटिका राख्नुपर्ने तथा सजाय छुटका लागि गरिएका सिफारिसको बोधार्थ आयोगलाई पनि दिनुपर्ने रहेका छन् ।

अनुगमनका क्रममा उहाँले आउँदो छ वर्षभित्र कारागार र हिरासत केन्द्रलाई यातनामुक्त बनाउने दिशामा आयोग प्रयासरत रहेको पनि बताउनुभयो ।

अनुगमनका क्रममा क्षेत्रीय कारागार झुम्का (सुनसरी) को भौतिक अवस्था अन्य कारागारको तुलनामा सन्तोषजनक पाइएको छ । १ हजार ६ सय जनाको क्षमता रहेको सो कारागारमा १ हजार ३ सय ९० जना कैदी-बन्दी रहेका छन् ।

अनुगमन टोलीमा आयोगको क्षेत्रीय कार्यालय (विराटनगर) का प्रमुख कोषराज न्यौपाने, प्रहरी उपरीक्षक सञ्जयराज शर्मा, स्थानीय पत्रकार तथा मानव अधिकारकर्मीहरूको सहभागिता थियो ।

......................

मोहना अन्सारी

प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org